# Accountability Watch Committee (AWC)
# जवाफदेहिता निगरानी समिति

## प्रेस विज्ञप्ति

**मिति : २०७७ असोज ८ गते**

**कैदीबन्दी जैसवालको शंकास्पद मृत्युको निष्पक्ष छानबिन गरी सत्यसत्य सार्वजनिक गर्न अपिल ।**

केन्द्रिय कारागार सुन्धारा काठमाण्डौमा बन्दी जीवन विताई रहेका सिद्धार्थ नगरपालिका ५ निवासी ६३ बर्षिय रामलखन जैसवालको मिति २०७७ असोज ३ गते कोरोनाबाट मृत्युभई वीर अस्पतालमा राखिएको भनिएको घट्नालाई उनका परिवारले रोगबाट मृत्यु नभई हत्या गरिएको दावी प्रति जवाफदेहिता निगरानी समितिको गम्भीर ध्यानाकर्षण भएको छ ।

केन्द्रिय कारागार विभाग तथा वीर अस्पतालका प्रशासनले जैसवालको मृत्यु हत्याबाट नभई कोभिडका कारणले भएको भनेर पत्रकार सम्मेलन मार्फत दाबी गरेपनि प्राप्त भिडिओवाट शंका गर्ने धेरै आधार भएको हुनाले उक्त घट्नालाई गम्भीरताका साथ छानबिन गरी तत्काल सत्यतथ्य सार्वजनिक गर्न नेपाल सरकारसमक्ष निगरानी समिति आग्रह गर्दछ ।

यस घट्नाबाट मुलुकका विभिन्न कारागारमा संवेदनशील तथा जोखिम अवस्थामा रहेका कैदीबन्दीलाई कोभिडको कारणले परिवार लगायत कसैसँग भेट गर्न बन्देज लगाइएको अवस्थामा शंकास्पद घटनाहरु हुन सक्ने मात्र नभएर कोभिड संक्रमणको नाममा हत्यासमेत हुने त्रास उब्जिएबाट केन्द्रिय कारागार लगायत मुलुकका विभिन्न कारागारमा रहेका कैदीबन्दीको सुरक्षाको व्यवस्था गर्न, कारागारमा कोभिडको संक्रमणको जोखिम कम गर्न कैदीबन्दीहरुको चाप कम गर्न सर्वोच्च अदालतले दिएको आदेशको पालना गर्न, कैदीबन्दीहरुलाई कोभिडको संक्रमणबाट बचाउने अन्य आवश्यक उपायहरु गम्भीरताका साथ अवलम्बन गर्न, कारागार व्यवस्थापनमा सुधार गर्न तथा सुरक्षित पूर्वक बाँच्न पाउने अधिकारको प्रत्याभुत र सम्मान गर्न सरकार तथा सम्बन्धित निकायहरुसमक्ष जोडदार माग गर्दछौं ।

साथै, बन्दी जैसवालको शंकास्पद मृत्यु भएको घटनाको निष्पक्ष छानविन तथा अनुसन्धान गरी हरेक नागरिकको सम्मानपूर्वक बाँच्न पाउने अधिकारको रक्षा गर्न र यदि हत्या भएको ठहर भएमा दोषीमाथि कानुन बमोजिम कारवाही गरी पीडित तथा तिनका परिवारलाई न्याय दिलाउन सरकारसमक्ष हार्दिक अपिल गर्दछौं ।

जवाफदेहीता निगरानी समितिका तर्फबाट

(चरण प्रसााई, संयोजक)

सम्पर्क- ओम प्रकाश सेन ठकुरी, 9841275732

........................................................................................................................................

सह-संयोजक गोविन्द बन्दी सदस्य: संस्थापक संयोजक मन्दिरा शर्मा, प्रा.कपिल श्रेष्ठ, डा.गौरीशंकरलाल दास, कनकमणि दिक्षित, डा.गोपाल सिवाकोटी, शोभाकर बुढाथोकी, सुमन अधिकारी, देवी सुनवार, विरेन्द्र थपलिया, दिनेश त्रिपाठी, ओमप्रकाश अर्याल, राजु प्रसाद चापागाई, सवित्री श्रेष्ठ, जनक बहादुर राउत, ईन्द्रप्रसाद अर्याल, माहामुनिश्वर आचार्य, बाबुराम गिरी, राजन कुईकेल, बिकास बस्नेत, अनिता थपलिया, भक्त विश्वकर्मा, पंकजकुमार कर्ण, बद्रि भुसाल, रुकमनी महर्जन, रणधिर चौधरी ।